# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

Ref. P-17/2023-25

मिति : २०८१ असार २७ गते

## प्रेस विज्ञप्ति

केही दिनयता जारी अविरल वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढी, पहिरो र डुबानले भएको जनधनको ठूलो क्षतिको घटनाले गैरआवासीय नेपाली संघलाई निकै मर्माहत र स्तब्ध बनाएको छ । मनसुनजन्य प्रकोपहरुबाट सिर्जित अकल्पनीय विपदका घटनाका कारण अकालमा निधन हुनु भएकाहरुप्रति यस संघ भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ । साथै यस प्राकृतिक विपद्मा परी घाइते हुनु भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछ ।

मनसुनजन्य विपदबाट हुने क्षतिको न्यूनीकरण र रोकथामका प्रयास नेपाल सरकारले विभिन्न निकायहरूमार्फत गरिरहेकै छ । सम्भावित जोखिमयुक्त स्थानमा पूर्व सूचना सम्प्रेषण गर्न, बाढी पहिरोमा परेकाहरुको खोज, उद्धार तथा पीडितहरुको पुनर्स्थापना तथा राहतका कामहरुलाई प्रभावकारी ढंगबाट अघि बढाउन सम्बन्धित  निकायहरुलाई हार्दिक अनुरोध गर्दछ ।

साथै, स्वयम् व्यक्ति घरपरिवार तथा समुदाय सबैबाट यस प्रतिकुल विपद्को अवस्थामा विशेष सर्तकता अपनाउन गैरआवासीय नेपाली संघ सबैमा हार्दिक अनुरोध गर्दछ ।

गैरआवासीय नेपाली संघ, सचिवालय

बालुवाटार काठमाण्डौं ।